प्रतिलिपि

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

कार्यपालिका बैठक संख्या :- ९०

बैठक मिति :- २०७७।०९।१७

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

यस उपमहानगरपालिका अन्तर्गत नेपाल सरकारको सङ्घीय बजेटबाट देहाय बमोजिमका शिर्षकका लागि देहाय बमोजिमको योजनाहरु छनौट गरी पठाउन माग भई आएकोले तपसिलका आयोजनाहरु तपसिल अनुसार कार्यान्वयन गर्ने गरी छनौट गरी पठाउने निर्णय गरियो ।

देहाय

**समपुरक तर्फका योजनाहरु**

१. इटहरी बसपार्क निर्माण, इटहरी ९
२. बिसनपुर-अमाह-भवानीपुर सडक कालोपत्रे इटहरी १७,१९
३. भोटिया खोला पुल, इटहरी १५
४. तुलसीलाल मार्ग सडक कालोपत्रे, इटहरी ४
५. शित भण्डार सहितको कृषि बजार, इटहरी ९

**बिशेष अनुदान तर्फ**

१. ट्रमा सेन्टर निर्माण, इटहरी १३
२. कचना बुढी गंगा स्कुल निर्माण, इटहरी ४
३. विपन्न परिवार सामुहिक आवास निर्माण
४. ब्रुमर र कम्प्याक्टर खरिद (सरसफाई उपकरण)
५. जनता मा.वि. को भवन निर्माण सम्बन्धी

**सडक बोर्ड अन्तर्गतका आयोजनाहरु**

१. तरहरा-भवानीपुर सडक मर्मत, इटहरी २०/१९

**निर्णय नं. २**

जे.वि.टुहुरे फाउण्डेशन, काठमाडौका लागि यस अगावै इटहरी १० मा रहेको सार्वजनिक जग्गा भोगाधिकारका लागि सिफारीस गरिएकोमा उक्त स्थानबाट रेल मार्गको सर्वे भई रेलको लिक निर्माण हुने भएकोले उक्त स्थान अनुउपयुक्त देखिएको हुँदा इटहरी २ स्थित मिलिजुली टोल स्थित कृषि फर्मको दक्षिण सिमानामा पैनी छेउको सार्वजनिक जग्गा भोग चलनका लागि २ नं. वडा कार्यालयबाट समेत सिफारीस भई आएको हुँदा उक्त जग्गा जे.वी.टुहुरे फाउण्डेशन काठमाडौंलाई भोगाधिकारका लागि सम्बन्धित निकायलाई सिफारीस दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस उपमहानगरपालिकाको सहकारी संस्थाहरु एकिकरण (Merge) गर्ने सम्बन्धी कार्यविधि, २०७७ लाई पारित गर्ने निर्णय गरियो ।

प्रतिलिपि

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी,नेपाल
स्था. २०७२

**निर्णय नं. ४**

यस उपमहानगरपालिकाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको निर्माण व्यवसाय इजाजत दिने सम्बन्धी नियमावलीको देहाय अनुसार संसोधन पारित गर्ने निर्णय गरियो ।

देहाय

| साविकको व्यवस्था | संसोधित व्यवस्था | कैफियत |
|---|---|---|
| अनुसुची– २ (नियम ४ को उपनियम (४), नियम ५ को उपनियम (२) र (३) तथा नियम ८ संग सम्बन्धित) इजाजत नविकरण दस्तुर ३ महिना सम्म २२५०/- र ६ महिना सम्म ३०००/- | अनुसुची– २ (नियम ४ को उपनियम (४), नियम ५ को उपनियम (२) र (३) तथा नियम ८ संग सम्बन्धित) इजाजत नविकरण दस्तुर म्याद सकिएको मितिले ६ महिना सम्म ३०००/- | |
| अनुसुची-५,<br>**३. मेशीन रउपकरणः**<br>९क० ट्रिपर वा ट्याक्टरएक थान<br>९ख० मिक्स्चर एक थान<br>९ग० Level Machine एक सेट<br>९घ० वाटर पम्प दुई थान<br>(ङ) भाइब्रेटर दुई थान | अनुसुची-५,<br>**३. मेशीन रउपकरणः**<br>९क० ट्रिपर वा ट्याक्टर एक थान<br>९ख० मिक्स्चर एक थान<br>९ग० Theodolite/Level Machine एक सेट<br>९घ० वाटर पम्प तिन थान<br>(ङ) भाइब्रेटर तिन थान | |
| अनुसुची-५,<br>द्रष्टव्य-१ उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमागरेको कागजातहरु पेश गर्नु पर्नेछ । | अनुसुची –५, द्रष्टव्य –१ उपकरणको नामावली पेश गर्दा ३(क) बाहेकका उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ र ३ (क)को उपकरण आफ्नो स्वामित्वमा नभए सो उपकरण कम्तिमा पाँच वर्ष सम्म को लागि भाडामा लिएको कागजात पेश गर्नु पर्नेछ। | |

**निर्णय नं. ५**

गत आर्थिक बर्ष (२०७६।०७७) मा ठेक्का बन्दोबस्त भएका हाटबजारका ठेकेदारहरुले विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को कारण नेपाल सरकारद्धारा सम्बत् २०७६।१२।११ देखि गरिएको लकडाउन (बन्दाबन्दी) अवधिमा हाटबजार नलागेकोले राजश्व संकलन गर्न नसकिएकाले छुट उक्त अवधिको ठेक्का रकम छुट गराई पाउँ भनी यस कार्यालयमा दिनु भएको र सो निवेदन राजश्व परामर्श समितिको छलफल तथा निर्णय भएकोले राजश्व परामर्श समितिको निर्णय अनुसार छुट दिने रकम गत आ.व.मा संचित भै यस आ.व.मा मौज्यात सरेको रकम बाट भुक्तानि दिने निर्णय गरियो ।

प्रतिलिपि

**निर्णय नं. ६**

कोरोना भाईरस कोभिड १९ रोकथाम तथा नियन्त्रणकाका लागि नगरपालिकाले आईसोलेशन लगायतका अन्य शिर्षकमा खर्च हुने गरी नगरस्तरीय कोभिड कोषमा रु. १,००,००,०००। (एक करोड) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिकाबाट स्वीकृत भई जारी भएको सार्वजनिक खरिद ऐन तथा योजना संचालन सम्बन्धी नियमावली, २०७६ को नियम १० मा उल्लेखित व्यवस्थामा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था सँग बाँझिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ (१) मा गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नु पर्दा सङ्घीय सार्वजनिक खरिद ऐन बमोजिम गर्नु पर्नेछ भन्ने रहेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा ऐनको दफा ४१ को उपदफा १ को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (४) को अधिनमा रही देहायको सिमा नबढ्ने गरी सोझै खरिद गर्न सकिनेछ ।

(क) ५ लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद वा परामर्श सेवा सोझै वजारबाट खरिद गर्ने भन्ने व्यवस्था भएको हुँदा सोही अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

बजार अनुगमन सम्बन्धी नियमावली, २०७५ को नियम १२ (क) (ख) (ग) (घ) (ङ) (च) मा रहेको व्यवस्थामा संसोधन गरी रु. २०,०००। (बीस हजार) सम्म जरिवाना हुन सक्ने व्यवस्था थप गर्ने गरी संसोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सन्चालन सम्वन्धी कार्यविधि, २०७५ (प्रथम संशोधन,२०७६) बमोजिम देशभर स्वास्थ्य चौकी नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण तथा सेवा सन्चालन गर्न यस उपमहानगरपालिकाको लागि स्वीकृत १४ वटा वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना तथा सन्चालनका लागि चालु आ.व.मा बजेट बिनियोजन भई १४ वटा वडामा हे.अ.वा अ.हे.ब. १४, स्टाफ नर्स वा अ.न.मि. १४ र कार्यालय सहयोगी १४ जनाको दरबन्दी स्वीकृत भएको हुँदा कार्यालय सहयोगी तर्फ गत आ.ब.मा विज्ञापन नं. १०/२०७६/०७७ बाट १३ जना कार्यालय सहयोगीका लागि विज्ञापन भएकोमा सोही विज्ञापनमा १ जना थप गरी जम्मा १४ कायम गरी गत आ.ब.मा विज्ञापन गरिएको आवेदकहरुबाट इटहरी उपमहानगरपालिकामा करारमा कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा बनेको नियमावली, २०७६ बमोजिम आधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि कार्यालय सहयोगीको पदपूर्ति गर्ने र हे.अ.वा अ.हे.ब. १४, स्टाफ नर्स वा अ.न.मि. १४ पदपूर्तिका लागि समेत प्रकिया अगाडी बढाउने निर्णय गरियो ।